मुनाल
नेपाल पन्छी संरक्षण संघको त्रैमासिक पत्रिका
वर्ष २६ अङ्क ३ पुष २०८२

# चरा संरक्षणमा युवा

- हिरुलाल डंगौरा

कञ्चनपुर जिल्लाको दक्षिण भेगमा पहिलो पटक चरा अवलोकन तथा पहिचान तालिममा सहभागी हुँदा सन्देश चौधरीलाई अनौठो लागेको थियो। उनी सोच्दथे, चराको पनि संरक्षण गर्नुपर्छ र? चरा अवलोकनसम्बन्धी कस्तो तालिम हो? यस्तो खालको अनेक प्रश्न मनमा लिएर तालिममा सहभागी भए। नेपाल पन्छी संरक्षण संघले आयोजना गरेको चरा अवलोकनसम्बन्धी तीनदिने



# सम्पादकीय

चरा संरक्षणमा चराप्रेमी र संरक्षणकर्मी मात्र नभएर जनसमुदाय, युवा, विद्यार्थी र सबै सरोकारवाला निकायको उत्तिकै योगदान र भूमिका हुने गर्दछ। चरा संरक्षण गर्नका लागि नितान्त चरामात्र नभई सामुदायिक वन, जिल्ला वन कार्यालय र संरक्षित क्षेत्रसँग सहकार्य गरी जैविक विविधताको सम्बर्धन र संरक्षणमा हातेमालो गरी वासस्थान जोगाउनु पर्दछ।

मुनालको यस अङ्कमा विशेषगरी, चरा अवलोकन तथा पहिचान तालिमले कसरी युवाहरूलाई संरक्षण क्षेत्रमा प्रेरित गर्दछ भन्नेकुरा उल्लेख गरिएको छ। चरा अवलोकनमा युवाहरूको अनुभव र संरक्षणमा युवाहरूको भूमिका बारेमा सन्देश आदानप्रदान गर्दै विद्यालय स्तरमा हुने संरक्षण शिक्षाले पनि नयाँ आउने पुस्तालाई संरक्षण क्षेत्रमा लाग्न प्रेरणा मिल्दछ।

यस प्रकाशन मार्फत नेपाल पन्छी संरक्षण संघले सामुदायिक वनको कार्ययोजना बनाउनमा सहयोग, स्थानीय सरकारका जनप्रतिनिधिहरूबिच महत्त्वपूर्ण चरा तथा जैविक विविधतासम्बन्धी हुने अन्तरक्रिया, कृषकको क्षमता अभिवृद्धिको लागि गरिएको अध्ययन भ्रमणलाई पनि समेटेको छ। यसैगरी जलवायु परिवर्तनसम्बन्धी जानकारीसहित जलवायु-स्मार्ट कृषि प्रविधि, लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता विषयमा पनि समुदायलाई सहभागी बनाई निरन्तर तालिम दिँदै आइरहेको छ। जसले गर्दा यस संस्थाले चरा संरक्षणको साथसाथै जीविकोपार्जन, महिला सशक्तिकरण, दिगो उद्धमशिलताजस्ता क्षेत्रमा पनि उल्लेखनीय काम गर्दै आइरहेको छ भन्ने आम पाठकहरूलाई जानकारी प्रदान गर्दछ।

अन्ततः सम्पूर्ण सदस्यहरू, संरक्षणकर्मीहरू, शुभेच्छुक तथा पाठकवर्गप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं। यहाँहरूबाट प्राप्त निरन्तर सुधारात्मक तथा रचनात्मक सुझाव र प्रतिक्रियाप्रति हामी हार्दिक आभारी छौं। आगामी दिनहरूमा पनि यस्तै साथ, सहयोग र मार्गदर्शन प्राप्त भइरहनेछ भन्नेमा हामी पूर्ण विश्वस्त छौं। संरक्षण, सिकाइ तथा समुदायसँग सम्बन्धित महत्त्वपूर्ण विषयवस्तुहरू यहाँहरूमाझ प्रभावकारी रूपमा सम्प्रेषण गर्दै मुनाललाई अझ समृद्ध, जनमुखी तथा दीर्घकालीन बनाउने हाम्रो प्रयास निरन्तर जारी रहनेछ।

तालिममा सहभागी पश्चात उनले चराको बारेमा धेरै कुरा बुझे। अहिले प्रत्येक शनिबार र बिदाको दिनमा तालतलैया तथा सिमसार क्षेत्रमा साथीहरूसँग चरासँगै प्रकृतिलाई नजिकबाट बुझ्दैछन्। सन्देश व्यवस्थापन सङ्कायमा स्नातक तहमा अध्ययनरत छन्।

बेलौरी नगरपालिका-७ ठूलो सिंहपुरकी दिलमाया चौधरी व्यवस्थापन संकायमा स्नातक तहमा अध्ययनरत छिन्। महाकाली बहुमुखी क्याम्पसमा तेस्रो वर्षमा अध्ययन गरिरहेकी उनी दुई वर्षदेखि चरा अवलोकनमा जोडिएकी छिन्। नेपाल पन्छी संरक्षण संघले चरासम्बन्धी तालिम दिएपछि उनी २ वर्ष देखि चरा अवलोकनसँगै चरा संरक्षणको विभिन्न कार्यक्रममा जोडिएकी हुन्। अहिले आफूसँगै पढिरहेका र अन्य कक्षाका साथीभाइसँगै हरेक शनिबार तथा बिदाका दिन चरा अवलोकनका लागि आसपासका तालतलैया, सिमसार क्षेत्र र नदीनाला किनारमा पुग्छिन्। उनले चरा चिन्ने र तिनको आनीबानीबारे पनि थाहा पाउने प्रयास गरिरहेकी छिन्।

युवराज राना चरा अवलोकन तालिमपछि थप ज्ञानको लागि उनी नेचर गाइडको तालिममा भाग लिए। नेचर गाइड तालिममा सहभागी हुँदा दोस्रो स्थान हासिल गर्दा निकै उत्साहित भए। अहिले उनी चरा संरक्षणसँगै नेचर गाइड पनि भइसके। बबिता थारुमगरको घर चराको मुख्य वासस्थान मानिने पुरैनी तालनजिकै हो। चराको राम्रो वासस्थान मानिने नकैया सिमसार क्षेत्र पनि उनको घरबाट नजिकै पर्छ। "घर छेउमै चराको वासस्थान थियो, तर हामीलाई केही थाहा थिएन।" बबिता भन्छिन्, तालिम पाएपछि अवलोकन गर्दै जाँदा चराको संसार त अहिले बुझ्न थाल्यौं। शनिबार वा



बिदाको अघिल्लो दिन चरा अवलोकनका लागि कुन क्षेत्रमा जाने भनेर साथीभाईबीच सल्लाह हुन्छ। त्यही अनुसार सबै जना बिहानै उक्त क्षेत्रमा पुग्छन्। तीनचार घण्टा चरा अवलोकनपछि सबै घर फर्कन्छन्।

जिल्लाको दक्षिणी क्षेत्रमा रहेका पुरैनी, बण्धा, रतनपुरको सिमसार क्षेत्र र कालीकीच ताल तथा नकैया र बरैह्या सिमसार क्षेत्रसँगै खष्टी नालालगायत सामुदायिक वनभित्रका तालहरूमा नियमित रुपमा चराको अवलोकन भइरहेको छ। यसमा कक्षा ११, १२ र स्नातक तहमा अध्ययनरत् १४० भन्दा बढी युवाहरु जोडिएका छन्। उनीहरू स्वयंसेवकको रुपमा चरा अवलोकनमा जोडिएका हुन्। "हामीले देख्दै आएका चरा पनि राम्ररी चिनेका थिएनौं, तर अहिले बिस्तारै चिन्न थाल्यौं", बेलौरी नगरपालिका-७ ठूलो सिंहपुरकी संजीता चौधरीले भनिन्, "चराको वैज्ञानिक नामदेखि उनीहरूको वासस्थान र आनीबानी पनि थाहा पाउन थालेका छौं"। उनी पनि व्यवस्थापन विषय लिएर स्नातक तहको चौथो वर्षमा अध्ययनरत छिन्।

चरा संरक्षणसँगै यसबारे जनचेतना फैलाउन समेत उनीहरू जुटेका छन्। पहिले ग्रामीण भेगमा पन्छीहरू मार्ने गरेको पाइएको थियो। जसका कारण दुर्लभ चरा लोप हुने अवस्थामा पुगेका छन्। यसबारे पनि सबैलाई सचेत बनाउन चरा संरक्षण अभियान सुरु गरिएको छ। पन्छी संरक्षण संघ कञ्चनपुरका अध्यक्ष समेत रहेका सन्देश चौधरीले युवाहरूलाई सकृय बनाउने काममा जुटेका छन्। २ वर्षदेखि विभिन्न तहमा अध्ययन गरिरहेका विद्यार्थीहरुले नियमित रुपमा चराको अवलोकन गराउनमा पन्छी संरक्षण समुहमा आवद्ध युवाहरू सकृय रहेका छन्। हरेक शनिबारका दिन ३०, ४० जनाको संख्यामा तालतलैया आसपास समूह बनाएर चराअवलोकन गर्ने, त्यस ठाउँमा रहेका चराको अवस्थाको पहिचान गर्ने, चरामा पर्न सक्ने खतरा पत्ता लगाउने, चराको वासस्थानको अवस्थाको बारेमा जानकारी राख्ने तथा नेपाल पन्छी संरक्षण संघमा सूचना दिनेजस्ता कार्य गर्दै आएका छन्।

'चरालाई चार'
अभियानमा सहकार्य गरौं।
a BCN initiative to save Nepal's endangered birds.
PLEDGE AND DONATE TODAY

"चराको राम्रो वासस्थान त पुरैनी ताल रहेछ, यहाँ एकैदिनमा एकै समयमा ६४ प्रजातिका चराहरु भेटिएका छन्"। संजीव चौधरीले भने, अन्य तालहरुमा पनि चराको उपस्थिति राम्रै देखिएको छ। उनका अनुसार नकैया सिमसार क्षेत्रमा पनि ५० देखि ५५ प्रजातिका चराहरु देखिएका छन्। बण्धा ताल, पुरैनी ताल लगायत खष्टी नालामा पनि चराको संख्या निकै राम्रो देखिन्छ।





**आफ्नै घर वरिपरि प्रायः देखिने १00 वटा चराहरू समावेश गरिएको**

**छिमेकी चरा**
**मोबाइल एप**
**प्रयोग गरी चरा चिनौँ। एवम् त्यसको गणना गरी छिमेकी चरा अभियानमा सहभागी बनौँ।**


https://play.google.com/store/apps/details?id=com.chhimeki charaapp&hl=ne&gl=US&pli=1

चरा अवलोकन गर्न थालेपछि यसमै रमाउन थालिएको बेलौरीकै अभिषेक चौधरी बताउँछन्। उनी पनि चरा अवलोकनसँगै फोटाग्राफी पनि गर्छन् र चरा फोटोग्राफी गर्न ६०० एमएमको लेन्स पनि किने। "अवलोकन गर्दागर्दै चरा चिन्न थालेका छौँ", उनले भने, "हरेक शनिबार चरा खोज्दै तालतलैया चाहाछौँ"। चरा अवलोकनले मनोरञ्जनसँगै आफ्नो आनीबानीसमेत परिवर्तन भएको उनले बताउँछन्।

अहिले चरा अवलोकनको संस्कृति बढ्दै गएको छ, नेपाल पन्छी संरक्षण संघले उच्च माध्यमिक तह र स्नातक तहमा अध्ययनरत छात्रछात्राहरू यसप्रति आकर्षित गर्न चरा संरक्षणसम्बन्धी विद्यालय शिक्षा पनि सञ्चालन गर्दै आइरहेको छ। सँगसँगै चरा अवलोकन र संरक्षणसम्बन्धी तालिम पनि दिइराखेको छ।

कञ्चनपुर पन्छी संरक्षण समूहमार्फत युवाहरू संरक्षणको विभिन्न कार्यक्रममा सहभागी हुँदै आएका छन्। खरमुजुरको सर्वेक्षण, गिद्ध संरक्षण सचेतना कार्यक्रम, जलपन्छी गणना, गिद्ध गणना, गिद्धको गुँड अनुगमन, संरक्षण शिक्षाजस्ता कार्यक्रममा प्रत्यक्ष सहभागी हुँदै आएका छन्। अहिले युवाहरू ग्रामीण भेगदेखि वनजङ्गलमा रहेका ताल तलैया, सिमसार क्षेत्र र नदी नालाहरू खोज्दै चरा अवलोकन तथा संरक्षणमा जुटेका छन्। यसले चराको पहिचानसँगै संरक्षणमा समेत योगदान पुग्नेछ। नेपाल पन्छी संरक्षण संघको उद्देश्य पनि यही नै रहेको छ।

**कविता**



# म उल्लु

*म त्यही उल्लु हुँ, मलाई उडान भर्न देउ यो निश्चल गगनमा,*
*म त्यही उल्लु हुँ, मलाई उडान भर्न देउ यो स्थिर धरतीमा।*

*किनकी म त्यो जीव हुँ, जो पन्छी पनि, किसानको साथी पनि हुँ,*
*शान्त स्वभावको सुन्दर पन्छी, खेतबारीमा साथ दिने हुँ।*

*तर म मारिन्छु, कहिले गुलेली, त कहिले पासोमा परी,*
*फूल, रुख, घाँसबीच म अझै उड्न चाहन्छु, डर नलागी।*

*रातको चन्द्रमाले मेरो बाटो देखाउँछ गगनमा,*
*दिनको उज्यालो कहिलेकाहीँ मलाई घाउचोट दिन्छ धरतीमा।*

*माटोको गन्ध, खेतको आवाज, अनि धर्तीको सङ्गीतमा,*
*म त्यो उल्लु हुँ, जो स्वतन्त्र रहन चाहन्छु यो संसारमा।*

*म त्यही उल्लु हुँ, मलाई उडान भर्न देउ यो निश्चल गगनमा,*
*म त्यही उल्लु हुँ, मलाई उडान भर्न देउ यो स्थिर धरतीमा।*

**- सुबन चौधरी**

## महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र संरक्षण सम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघको आयोजना र बर्डलाइफ इन्टरनेशनलको सहयोगमा यही मिति २०८२ साल कार्तिक १७ गतेका दिन लमही देउखुरी, दाङमा 'दाङ देउखुरी चूरे वन तथा पश्चिम राप्ती सिमसार क्षेत्रमा आप्रवासी चराहरुको संरक्षणका लागि स्थानीय सरकार र समुदायको संलग्नता' नामक परियोजना अन्तर्गत समुदायमा आधारित




संघ संस्थाहरुका प्रतिनिधिहरूलाई महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्र संरक्षणसम्बन्धी एकदिने क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको हो। उक्त तालिम कार्यक्रममा परियोजना सञ्चालन भएका दाङको राप्ती गाउँपालिका, गढवा गाउँपालिका, राजपुर गाउँपालिका र लमही नगरपालिकाका समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि, सामुदायिक वन समूहका प्रतिनिधि र जैविक विविधता संरक्षणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूका प्रतिनिधिहरु र स्थानीय संरक्षणकर्मीहरू गरी २५ जनाको सक्रिय सहभागिता रहेको थियो। समुदायमा आधारित संघसंस्थाहरुका प्रतिनिधिहरूलाई चरा र जैविक विविधता क्षेत्रको बारेमा जानकारी दिई चरा र चराको वासस्थान संरक्षणमा टेवा पुऱ्याउने मुख्य उद्देश्यले यो तालिमको आयोजना गरिएको थियो।

## सामुदायिक वनको कार्ययोजनामा जैविक विविधता र पारिस्थितिकीय सेवा समावेशसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

नेपाल पन्छी संरक्षण संघको आयोजना र डिभिजन वन कार्यालय देउखुरी लमही दाङको समन्वयमा यही मिति २०८२ साल मंसिर ७ गतेका दिन लमही दाङमा नेपाल पन्छी संरक्षण संघद्वारा सञ्चालित जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रम अन्तर्गत सामुदायिक वनको कार्ययोजनामा जैविक विविधता र पारिस्थितिकीय सेवा समावेशसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको हो। कार्यक्रममा राप्ती गाउँपालिका, लमही नगरपालिका, गढुवा गाउँपालिका र राजपुर गाउँपालिका अन्तर्गत पर्ने सातवटा सामुदायिक वन उपभोक्ता समूहका कार्यकारी समितिका पदाधिकारी, सल्लाहकार समितिका पदाधिकारी र उपभोक्ताहरूको सक्रिय सहभागिता रहेको थियो। यही आर्थिक वर्ष २०८१/०८२ मा सामुदायिक वनको कार्ययोजनाको नविकरण समाप्त भई नयाँ नविकरण गर्नुपर्ने सात वटा सामुदायिक वनलाई नेपाल पन्छी संरक्षण संघले रु.२५,०००/- (पच्चीस हजार) का दरले उक्त सामुदायिक वनहरूको कार्ययोजनामा चरा लगायत अन्य पारिस्थितिकीय सेवा समावेश गर्नको लागि आर्थिक सहयोग समेत गरेको थियो।

नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत श्री भूपाल नेपाली, डिभिजन वन कार्यालय लमही दाङका सहायक वन अधिकृत श्री ध्रुव प्रसाद थारु र सोही वन कार्यालयका वरिष्ठ फरेष्टर श्री चिरञ्जीवी खनालले जैविक विविधता, पारिस्थितिकीय सेवा, चरा संरक्षण, सामुदायिक वनको कार्ययोजनामा किन पारिस्थितिकीय सेवा समावेश गर्ने र जैविक विविधता संरक्षण गर्नमा सामुदायिक वनको भूमिकाका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। सातवटै सामुदायिक वन उपभोक्ता समूहहरूले अब नविकरण हुने सामुदायिक वनको कार्ययोजनामा चरा संरक्षण लगायत अन्य पारिस्थितिकीय सेवा समावेश गर्ने प्रतिबद्धता जाहेर गरेका थिए।



## स्थानीय सरकारका जनप्रतिनिधिहरूबिच महत्त्वपूर्ण चरा र जैविक विविधता संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

राजपुर गाउँपालिकाको कार्यालय देउखुरी, दाङकी उपाध्यक्ष धनपति देवी यादवको अध्यक्षता नेपाल पन्छी संरक्षण संघको आयोजनामा २०८२ साल कार्तिक १६ गतेका दिन राजपुर गाउँपालिकाको सभाहलमा स्थानीय सरकारका जनप्रतिनिधि, कार्यपालिका सदस्यहरू, पशुपन्छी र कृषि शाखा प्रमुखहरूबिच दाङ देउखुरी, चूरे वन तथा पश्चिम राप्ती सिमसार क्षेत्रमा आप्रवासी चराहरुको संरक्षणको लागि स्थानीय सरकार र समुदायहरुको संलग्नतानामक परियोजना अन्तर्गत महत्त्वपूर्ण चरा तथा जैविक विविधता संरक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो।

उक्त कार्यक्रममा नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत श्री भूपाल नेपालीले नेपाल पन्छी संरक्षण संघको संक्षिप्त चिनारी,

नेपालमा चरा संरक्षणको महत्त्व, चरा संरक्षणको लागि गरिएका प्रयासहरू, चरा संरक्षणका चूनौती, दाङ देउखुरी चूरे वन तथा पश्चिम राप्ती सिमसार क्षेत्रको महत्त्व, सञ्चालित परियोजनाको उद्देश्य, क्रियाकलापहरू, कार्यक्षेत्र, लक्षित वर्गका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रमको प्रस्तुतिपश्चात गरिएको अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले यो कार्यक्रम स्वागतयोग्य रहेको साथै चरा र चराको वासस्थान संरक्षणको लागि स्थानीय सरकार, समुदाय, प्रदेश सरकार, डिभिजन वन कार्यालय र विभिन्न दातृ संस्थाहरूको संयुक्त प्रयासबाट यस क्षेत्रमा रहेका रैथाने र बसाइसराइ गरी आउने चराहरूको दिगो रुपमा संरक्षण गर्न सकिने कुरा बताउनु भयो। साथै यस क्षेत्रमा चराको चोरी शिकारी हुने गरेको, समुदायमा चेतनाको कमी रहेको र विद्यालय स्तरमा चरा र चराको वासस्थान संरक्षणबारे अभियान चलाउनुपर्ने कुरा औंल्याउनु भयो।



## गिद्ध संरक्षणका लागि सुरक्षित र विषाक्त औषधीसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

नेपाल पन्छी संरक्षण संघको आयोजना र प्रदेश पशु निर्देशनालय सुदूरपश्चिम धनगढी कैलाली, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र घोराही दाङ र नेपाल पारा भेटेरिनरी एण्ड लाइफ स्टक एसोसियशन तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ कपिलवस्तुको समन्वयमा २०८२ मङ्सिर १५, २०८२ पौष १४ र २०८२ पौष २४ गतेका दिन क्रमशः सुदूरपश्चिम प्रदेश अन्तर्गत कैलाली जिल्लाको धनगढी, लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लाको मौरीघाट देउखुरी र कपिलवस्तु जिल्लाको तौलिहवामा गिद्ध संरक्षणका लागि सुरक्षित र विषाक्त औषधीसम्बन्धी सरोकारवाला निकायहरूबिच कार्यशाला गोष्ठी सम्पन्न भएको हो। कार्यक्रममा विभिन्न पालिकाका पशुपन्छी तथा कृषि शाखाका अधिकृत, भेटेरिनरी प्राविधिक, एग्रोभेट सञ्चालक, पत्रकार र संरक्षणकर्मी र गिद्धका गुँड भएका सामुदायिक वनका प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो।

तीनवटै जिल्लाहरूको गोष्ठीमा पशु पन्छी विज्ञ तथा प्रमुख अतिथि ज्यूहरुले  पशु चौपायाहरूमा दुखाइ कम गर्न प्रयोग गर्ने औषधीहरूको परिचय, त्यसको कार्य, हाल बजारमा उपलब्ध भैरहेका पशु उपचारमा दुखाइ कम गर्न प्रयोग गरिने औषधीहरु, गिद्धको लागि सुरक्षित मानिएका मेलोक्सिक्याम र टोल्फेनामिक एसिड, गिद्धको लागि विषाक्त मानिएका निमुसलाइड, किटोप्रोफेन, एसिक्लोफेनेक र अन्य एन्टिबायोटिक, तथा पेष्टिसाइड औषधी र गिद्ध संरक्षणमा भेटेरिनरी प्राविधिक तथा अन्य सरोकारवाला निकायहरूको भूमिकाका बारेमा प्रस्तुतीकरण दिनुभएको थियो। उक्त तीन वटै गोष्ठीमा नेपाल पन्छी संरक्षण संघका परियोजना अधिकृत श्री भुपाल नेपालीले नेपालमा गिद्धको अवस्था, गिद्धको महत्त्व र नेपालमा गिद्ध संरक्षणका बारेमा भएका प्रयासहरूका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो। प्रस्तुतीकरण पश्चात सहभागीहरुले गिद्ध पारिस्थितिकीय प्रणालीका लागि अत्यन्त महत्वपूर्ण पन्छी भएकाले सिनोमा विषको प्रयोग रोक्ने साथै वासस्थान संरक्षणमा लाग्ने कुरामा जोड दिएका थिए। अन्तमा, सरकारी, निजी क्षेत्र र समुदायबीच सहकार्य गर्दै दीर्घकालीन गिद्ध संरक्षण योजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिदै कार्यक्रम समापन गरिएको थियो।

## रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा पन्छी सर्वेक्षण

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले गुल्मी जिल्लाको रेसुङ्गा, मदाने र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा चरा सर्वेक्षण गरेको थियो। तीनवटै वन संरक्षण क्षेत्रमा २०८२ कार्तिक १७ देखि कार्तिक २५ सम्म भएको सर्वेक्षण अवधिमा क्रमशः कुल १७७, १५२ र १९६ चरा प्रजातिहरू मदाने, रेसुङ्गा र थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा रेकर्ड गरिएको थियो। तीमध्ये १६ प्रजातिका चरा मदाने र ९ प्रजातिका चरा रेसुङ्गाका लागि नयाँ रेकर्ड भएका छन्। त्यसैगरी थाप्ले सत्यवती वन संरक्षण क्षेत्रमा भने पहिलो पटक चरा सर्वेक्षण गरिएका थियो। अहिले मदाने र रेसुङ्गा वन संरक्षण क्षेत्रमा पाइने कुल चराको संख्या क्रमशः ३१६ र २८४ पुगेको छ। रेसुङ्गा वन संरक्षण क्षेत्र तथा मदाने वन संरक्षण क्षेत्र महत्त्वपूर्ण पन्छी तथा जैविक विविधता क्षेत्र हुन्।



## गुल्मीमा जलवायु परिवर्तन अनुकूलन तालिम सम्पन्न

नेपाल पन्छी संरक्षण संघ, जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमले परियोजना अन्तर्गत गुल्मी जिल्लाको रेसुङ्गा र मदाने वन संरक्षण क्षेत्रमा तीनदिने जलवायु परिवर्तन अनुकूलन तालिम सफलतापूर्वक सम्पन्न गरेको छ। तालिम २०८२ असोज २९ देखि ३१ गतेसम्म सञ्चालन गरिएको थियो। तालिममा सामुदायिक वन उपभोक्ता समूह, कृषि समूह तथा युवा क्लबहरू सहभागी थिए। जसमा जलवायु परिवर्तनका प्रभाव, जैविक विविधता संरक्षण, जलवायु-स्मार्ट



कृषि प्रविधि, तथा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) जस्ता विषयहरुमा विस्तृत छलफल गरिएको थियो। सहभागितामूलक प्रस्तुतिकरण, समूहकार्य, खेल गतिविधि तथा क्षेत्र अवलोकन मार्फत तालिमलाई व्यवहारिक बनाइएको थिया। जलवायु विज्ञ तथा प्रशिक्षक पविना खड्काले अन्तर्राष्ट्रिय जलवायु नीति र स्थानीय समुदायले भोगिरहेका चुनौतीहरुबीचको सम्बन्ध स्पष्ट गर्दै समुदायमै लागू गर्न सकिने अनुकूलन उपायहरू प्रस्तुत गर्नुभएको थियो। तालिमले स्थानीय योजना तथा सामुदायिक वन व्यवस्थापनमा जलवायु अनुकूलनलाई समेट्ने विषयमा समेत जोड दिएको थियो।

## जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमको अन्तिम समीक्षा तथा समापन कार्यक्रम गुल्मीमा सम्पन्न

नेपाल पन्छी संरक्षण संघले जीविकोपार्जन तथा संरक्षण समायोजन कार्यक्रमलको अन्तिम समीक्षा तथा समापन कार्यक्रम २०८२ पुष १६ गते गुल्मीको तम्घासमा सम्पन्न भएको छ। कार्यक्रममा सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तहका जनप्रतिनिधि, जिल्ला वन कार्यालय, विभिन्न सरोकारवाला निकाय, समुदायका प्रतिनिधि तथा परियोजना लाभग्राही गरी जम्मा ४० जनाको सहभागिता रहेको थियो। उद्घाटन सत्रमा परियोजनाको करिब एक दशक लामो कार्यान्वयन अवधिमा हासिल भएका उपलब्धि, सामना गरिएका चुनौती र सिकाइहरूबारे विस्तृत जानकारी दिइयो। साथै, गुल्मी जिल्लामा गरिएको चरा सर्वेक्षणका नतिजा प्रस्तुत गर्दै रेसुङ्गा र मदाने वन क्षेत्रमा आश्रित तथा प्रवासी चराका लागि महत्त्वपूर्ण वासस्थान रहेको तथ्य उजागर



गरियो। समापन सत्रमा सहभागीहरूले परियोजनाबाट प्राप्त अनुभव साझा गर्दै दिगो संरक्षण र जैविक विविधतामैत्री जीविकोपार्जनलाई निरन्तरता दिनुपर्नेमा जोड दिए। कार्यक्रममा स्थानीय सरकार, समुदाय र संरक्षण साझेदारबीच सहकार्यलाई थप मजबुत बनाउँदै भविष्यमा पनि एकीकृत संरक्षण प्रयासलाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

## कञ्चनपुरमा नयाँ परियोजना सुरु

नेपाल पन्छी संरक्षण संघ र Renewable World ले कञ्चनपुर जिल्लामा गिद्ध, गाई र मानिस एक पुरानो सम्बन्ध सुदृढ गर्नु नामक परियोजना लागू गरेको छ। २ पुष २०८२ (१७ डिसेम्बर २०२५) महेन्द्रनगरमा एक कार्यक्रम आयोजना गरी सरोकारवालाबीच नेपाल पन्छी संरक्षण संघका गिद्ध संरक्षण कार्यक्रम प्रबन्धक अंकित विलाश जोशी र परियोजना संयोजक दुर्गा जेठाराले परियोजना सुरुवात भएको जानकारी गराए। परियोजनाको मुख्य उद्देश्य भनेको गिद्ध सुरक्षित क्षेत्र स्थापना गर्नु रहेकोछ। स्थानीय निकायहरू बेलडाँडी र लालझाडी गाउँपालिकाहरू साथै बेलौरी, कृष्णपुर, वेदकोट, भिमदत्त, दोधारा चाँदनी नगरपालिकाहरू, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय, शुक्लाफाँटा मध्यवर्ती व्यवस्थापन समितिहरू, NTNC, ZSL, Himalyan Nature साथै संरक्षणमा काम गर्दै आइरहेका सरोकावाला निकायहरूको सहभागिता रहेको थियो। बेलायत सरकार अन्तर्गत डार्विन इनिसिएटिभको आर्थिक सहयोग तथा RSPB UK को अगुवाईमा Vulture, Cow and People- Strengthening an accident Relationship परियोजना सुरु भएको हो। यो परियाजनाको अवधी ३ वर्षको रहेको छ।



## आजीवन सदस्य

**श्री आयुश राज पाण्डे** ज्यू यस नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ वन्यजन्तु डकुमेन्ट्री भिडियोग्राफर हुनुका साथै पन्छी तथा जैविक विविधता प्रेमीपनि हुनुहुन्छ। वहाँ रमाइलो जिन्दगी स्टुडियोमा एक फोटोग्राफरको रुपमा कार्यरत हुनुका साथै वहाँले पन्छी संरक्षणका लागि विभिन्न क्षेत्रहरूमा योगदान पनि पुऱ्याउँदै आउनुभएको छ।

**श्री झलक बहादुर थापा** ज्यू यस नेपाल पन्छी संरक्षण संघको आजीवन सदस्य हुनुभएको छ। पेशाले वहाँ शिक्षक हुनुका साथै पन्छी तथा जैविकविविधता प्रेमीपनि हुनुहुन्छ। वहाँ पन्छी फोटोग्राफीमा पनि निक्कै रुची राख्नुहुन्छ।

**BirdLife International** विश्वभरिका चरा संरक्षण गर्ने संस्थाहरूसँग साझेदारी, प्रतिनिधि नियुक्त गरेर वा लगनशील पन्छीविद् व्यक्तिहरूसँग मिलेर काम गर्ने संस्था हो। नेपाल पन्छी संरक्षण संघ यस संस्थाको नेपालका लागि साझेदार संस्था हो।

**BirdLife International** ले विश्वभरिका चराहरू र त्यसको वासस्थान संरक्षणका लागि काम गर्नु र यसबाट जैविक विविधता जगेर्ना गर्ने गर्दछ। यसले चराहरूलाई परिरहेको समस्या तिनीहरूको वासस्थान र विश्व वातावरणलाई सामाजिक, आर्थिक र साँस्कृतिक पक्षसँग अन्तर सम्बन्ध स्थापित गरी वातावरणीय तथा सामुदायिक दिगो विकास गर्ने प्रमुख लक्ष्य राखेको छ।

**BirdLife International** ले चराहरूका लागि महत्त्वपूर्ण योगदान गरेको छ। चराहरू वातावरणका सङ्केतक हुन् र यिनीहरूले वातावरणीय प्रक्रियामा महत्त्वपूर्ण योगदान गर्दछन्। यिनीहरूले मानवको प्राकृतिक प्रक्रिया बुझ्न मद्दत गर्दछन्। पन्छीहरूको निकै ठूलो आर्थिक महत्त्व छ र तिनीहरूले मानव समुदायलाई धार्मिक तथा साँस्कृतिक रूपले शताब्दीऔंदेखि उत्साहित र आनन्दित पार्दै आएका छन् जसले वातावरणीय चेतना बढाउने अन्तर्राष्ट्रिय दूतको रुपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

बर्डलाइफ इन्टरनेशनलका प्रमुख कार्यहरूमध्ये पन्छीहरूका महत्त्वपूर्ण क्षेत्रहरू (Important Bird & Biodiversity Areas, IBAs) पत्ता लगाई त्यसको तथ्याङ्क राख्नु हो। नेपालमा पनि पन्छीका महत्त्वपूर्ण क्षेत्रहरू तयार पार्ने कार्य नेपाल पन्छी संरक्षण संघले गरेको छ।

## कार्यक्रम तथा उद्देश्यहरू

- विश्वव्यापी रुपमा पन्छी विविधता तथा तिनका वैज्ञानिक अध्ययन अनुसन्धान र अनुगमन गर्ने।
- विश्वव्यापी रुपमा पन्छी संरक्षण र यिनीहरूको विविधता, प्राकृतिक स्रोतको दिगो विकासका बारेमा नियम बनाउने तथा त्यसबारे प्रकाश पार्ने।
- वन्यजन्तु र मानव समाजका लागि सामुदायिक रुपमा भू-भागको सदुपयोग गर्न राष्ट्रिय रुपमा कार्यक्रम गर्ने।
- पन्छी र यसको संरक्षणका लागि विभिन्न मुलुकमा रहेका संरक्षणसम्बन्धी संस्था तथा व्यक्तिहरूसँग सम्बन्ध स्थापित गर्ने।

नेपाल पन्छी संरक्षण संघ चरा र चराको वासस्थानको संरक्षणमा काम गर्ने अग्रणी गैर सरकारी संस्था हो। सन् १९८२ मा स्थापित यस संस्थाको जनसाधारणमा चराहरूका बारेमा ज्ञान अभिबृद्धि गर्ने प्रमुख खतरा पत्ता लगाउने, तिनीहरूको वासस्थान संरक्षण गर्ने र विभिन्न समुदायको जीविकोपार्जनमा पनि टेवा दिने मूल सिद्धान्त रहेको छ।

यस संस्थाले चरा तथा जैविक विविधता संरक्षण गर्नका लागि अन्तर्राष्ट्रिय स्तरमा महत्त्व राख्ने नेपालमा ४२ वटा महत्त्वपूर्ण चरा तथा जैविक विविधता क्षेत्रहरू पहिचान गरी कार्यक्रम गर्दै आइरहेको छ।

नेपाल पन्छी संरक्षण संघ यसका कार्यकारी बोर्ड, संरक्षकहरू, आजीवन तथा साधारण सदस्यहरू, संघका शुभचिन्तकहरू तथा क्रियाशील समर्थकहरू रहेको संस्था हो।

नेपाल पन्छी संरक्षण संघ बर्डलाइफ इन्टरनेशनलको नेपालस्थित सदस्य संस्था हो। हामी चरा तथा जैविक विविधताको संरक्षणका लागि सबैजनाको सहयोगको अपेक्षा गर्दछौं।


## नेपाल पन्छी संरक्षण संघ

पोष्ट बक्स १२४६५, काठमाण्डौ, नेपाल

फोन ०१-४५१७८०५, ०१-४५२०२१३

इमेल bcn@birdlifenepal.org

वेबसाइट www.birdlifenepal.org



यस त्रैमासिक पत्रिकाको प्रकाशन सहयोगी संस्थाहरू

Royal Society for the Protection of Birds, UK

BirdLife International

*सम्पादक* नवराज पोखरेल, जयनाथ भण्डारी

*लेआउट* क्यालिग्राफिक डिजाइन स्टुडियो

*प्रकाशक* नेपाल पन्छी संरक्षण संघ



*© २०८२ सर्वाधिकार नेपाल पन्छी संरक्षण संघमा निहित छ। यसमा प्रकाशित लेख र रचना लेखकका आफ्नै विचारहरू हुन्।*